नेपाल टेलिभिजन

समाचार प्रस्तोता सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०७९।०६।०४

नेपाल टेलिभिजन समाचार च्यानलनमा प्रसारण हुने समाचार एवं सूचनामूलक सामग्री प्रस्तुतिका लागि प्रस्तोता (नेपाली/अङ्ग्रेजी) आवश्यक भएकोले देहायबमोजिम दरखास्त आह्वान गरिएको छ । दरखास्त फारम नेपाल टेलिभिजनको वेभसाइट www.ntv.org.np बाट प्राप्त गर्न सकिनेछ ।

देहाय :

१. आवश्यक संख्या : १० (नेपाली ७, अङ्ग्रेजी ३)

२. न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको। समाचार प्रस्तुतिमा दक्षता र सम्बन्धित भाषामा राम्रो ज्ञान भएका उम्मेदवारलाई ग्राह्यता दिइनेछ ।

३. उमेर हद : २०७९ साल असोज ०३ गतेसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

४. कामको किसिम : समाचार सम्पादन एवं प्रस्तुति

५. सेवाको किसिम : नेपाल टेलिभिजन कार्यक्रम उत्पादन खर्चको दररेट तथा मापदण्ड २०७३ (दोस्रो संशोधन २०७६) बमोजिम पारिश्रमिक पाउने गरी आवश्यकताअनुसार सम्झौता गरी समाचार प्रस्तुतिको कार्य गर्ने ।

६. छनोटको किसिम : सर्ट लिष्टिङबाट छनोट भएका उम्मेदवारको प्रयोगात्मक र अन्तार्वार्ता परीक्षा ।

७. दरखास्त बुझाउने अन्तिम मिति र स्थान : २०७९ असोज १० गतेभित्र दरखास्त फारममा आवश्यक विवरण भरी नागरिकताको प्रमाणपत्र, पछिल्लो शैक्षिक योग्यता, तालिम, अनुभव आदिको प्रमाणपत्रका प्रतिलिपि सहित नेपाल टेलिभिजन केन्द्रीय कार्यालय सिंहदरवारको इमेल ठेगाना : applyntv5@gmail.com मा बुझाउन सकिनेछ ।

८. सर्ट लिष्टिङबाट छनोट भएका उम्मेदवारको नामावली र परीक्षा कार्यक्रम दरखास्त दिने अन्तिम मितिले ७ दिनभित्र नेपाल टेलिभिजनको वेभसाइट ntv.org.np मा राखिनेछ ।

९. म्याद नाघी आएका दरखास्तउपर कुनै कारवाही गरिनेछैन ।